# सुनवल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | संख्या : ४ | मितिः २०७६/१०/२७


भाग–२

सुनवल नगरपालिका

## मागमा आधारित कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसुची ८ ‘स्थानिय तहको अधिकारको सुची’मा व्यवस्था भए अनुसार कृषि तथा पशुपालन, कृषि उत्पादन तथा व्यवस्थापन, पशु स्वास्थ्य तथा कृषि प्रसारको व्यवस्थापन सम्वन्धि कार्यहरु स्थिानयतह बाट सम्पादन गर्नु पर्ने भएको र संघियता कार्यान्वयनको सम्वन्धमा वजेट कार्यक्रम, जनशक्ती तथा साधन श्रोतहरु स्थानीयतहमा हस्तान्तरण हुदै गरेको सन्दर्भमा कृषक समुदायको जिविकोपार्जनमा अनादीकाल देखि महत्वपूर्ण स्थान ओगटेको पशु पालन व्यवसायलाई विविधीकरण, व्यवसायीकरण, आयमुलक तथा सम्मानित पेशाको रुपमा बिकास गरि पशुधनको उत्पादन र उत्पादकत्व अभिबृद्धी गदै पशु जन्य उत्पनदनहरुमा यस सुनवल नगरपनलिकालाई आत्मनिर्भर बनाई राष्ट्रिय उत्पनदनमा समेत योगदान दिन यस सुनवल नगरपालिकाबाट संचालन हुने पशु सेवा सम्वन्धी कार्यक्रमहरुको प्रभावकारि कार्यान्वयनको लागी सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम नगर कार्यपालिकाले मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ बनाई लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

१) यस कार्यविधिको नाम मागमा आधारित कार्यक्रम संचालन कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “नगरपालिका” भन्नाले सुनवल नगरपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले सुनवल नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) शाखा भन्नाले सुनवल नगरपालिका पशु सेवा शाखा सम्झनु पर्दछ ।

घ) वडा भन्नाले सुनवल नगरपालिका अन्तर्गत पर्ने १ देखि १३ वटा वडाहरु सम्झनु पर्दछ ।

ङ) "प्राबिधिक भन्नाले नगरपालिका पशु सेवा शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

च) अनुदान भन्नाले पशुपंक्षी तथा मत्स्य पालनको लागि अनुसुचि २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मुल्य श्रृखलाहरुमा दिईने अनुदान सम्झनुपर्छ ।

छ) अनुदानग्राहि" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी तथा मत्स्य पालक कृषक/कृषक समुह/सहकारी संस्था/निजी फर्म/उद्यमीहरु सम्झनु पर्दछ ।

ज) कार्यविधि भन्नाले पशु सेवा शाखा को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा मागमा आधारित अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम व्यवस्थापन गर्ने गरि कृत्रिम गर्भाधान कार्यक्रममा अनुदान,सतप्रतिसत वोयर बोका वितरण हिउदे/वर्षे/बहुवर्षे घाँसको बीउ तथा बेर्न अनुदान,बाख्रा श्रोत केन्द्र स्थापना तथा संचालन,विपन्न वर्ग लक्षित स्थानिय कुखुरा/बाख्रा/बंगुरपालन कार्यक्रम, घाँस सिचांइको लागी पम्पिङ सेट वितरण, च्यापकटर मेसीन वितरण, बंगुर फर्म सुद्दिढीकरण (प्याकेजमा) आदि जस्ता व्यवसायिक उत्पादकलाई उत्पादन तथा बजारिकरणमा सहयोग कार्यक्रम मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०७६ सम्झनु पर्दछ ।

झ) मागमा आधारित अनुदान कार्यक्रम भन्नाले सुनवल नगरपालिका मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरि दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ञ) मापदण्ड भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मुल्याङकनको लागि तोकिएको अनुसुचि ३ तथा सुनवल नगरपालिकाको मार्गनिर्देशन बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ ।

ट) समिति भन्नाले सुनवल नगरपालिकाले व्यवस्था गरेअनुसारको अनुसुची ७ बमोजिमको पशु विकास समन्वय समिति सम्झनुपर्छ ।

ठ) लगानी रकम भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यवसायिक पशुपंक्षी, मत्स्य विकास कार्यक्रमको अनुदान र अनुदानग्राहिले व्यहोर्ने रकम समेत गरी कुल लगानि रकम सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धि व्यवस्था

**३. कार्यविधिको उद्देश्य :**

मागमा आधारित अनुदान कार्यक्रम सरल, पारदर्शी तथा प्रभावकारी रुपले संचालन गर्ने ।

**४.कार्यक्रमका उद्देश्यहरु :**

कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) पशुपंक्षी तथा मत्स्य विकास प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

ख) रोजगारीका अवसरहरु सृजना गरी गरिवी निवारणमा टेवा पुऱ्याउने ।

ग) पशुपंक्षी तथा मत्स्य पालन पेशालाई व्यवसायिक र मर्यादित पेशाको रुपमा स्थापित गराउने ।

घ) पशुपंक्षी तथा मत्स्य पालन पेशालाई दिगो,भरपर्दो र विश्वसनिय बनाउने।

ङ) पशु पालन ब्यबसायि एवं पशु जन्य उद्योगको उद्यमीहरुलाई ब्यबसाय गर्न प्रेरित गर्ने ।

**५.कार्यक्रम संचालन प्रक्रिया :**

१) पशु सेवा शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा ५०-१०० प्रतिसत सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिने छ ।

२) अनुदान प्रवाहका लागि कम्तिमा ७ दिन र बढीमा १५ दिनको म्याद दिई अनुसुचि १ को ढाँचा अनुसारको सुचना प्रकाशित गरिनेछ ।

३) प्रस्ताव पेश गर्दा अनुसुचि १ अनुसारको वर्गिकरण, अनुसुचि २ को मापदण्ड अनुसार अनुसूची ४ को ढाँचामा सुनवल नगरपालिका पशु सेवा शाखामा पेश गर्नुपर्ने छ ।

४) यसरी प्राप्त भएका प्रस्तावहरुको मुल्याङकन कार्य अनुसुचि ३ बमोजिमको प्रस्ताव मुल्याङकनको आधारमा गरिनेछ ।

५) प्राप्त प्रस्तावहरुका आधारमा पशुपंक्षी विकास शाखा बाट स्थलगत निरीक्षण समेत गरी विवरण बनाई पशु विकास समन्वय समितिमा पेश गर्नं पर्नेछ ।

६) यसरी पेश हुन आएका प्रस्तावहरु समितिको बैठक बाट छनौट गरिनेछ ।

७) छनौटमा परेका स्वीकृत प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि सुनवल नगरपालिकाको सूचना पार्टीमा टाँस गरिनेछ। साथै सम्बन्धित वडा कार्यालयहरुमा पठाईने छ ।

८) सुनवल नगरपालिका बाट छनौटमा परेका अनुदानग्राहि संग अनुसुचि ५ बमोजिम सम्झौता गरिनेछ ।

९) कार्यक्रम अबधि र क्रियाकलापको विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१०) कार्यक्रम संचालन तथा सम्पन्न गर्दा लाग्ने खाजा, खाना, भत्ता, स्टेशनरी, ईन्धन, सोहि कार्यक्रममा विनियोजन गरिएको बजेट बाट उपलब्ध गराउनु पर्नेछ ।

**६. <u>अनुदान रकम भुक्तानी प्रक्रिया</u> :**

अनुदान रकम भुक्तानी सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ । कार्यसम्पन्न भएपश्चात अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदन, सो संग सम्बन्धित आवश्यक विल भरपाई, संचालित कार्यक्रमको फोटो तथा होडिङ बोर्ड, सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्नको सिफारीस, पशु सेवा शाखाको स्थलगत निरिक्षण तथा अनुगमन बाट सिफारीस पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी गरिने छ । तर कृत्रिम गर्भाधानमा अनुदान(वार्षिक एक पशुमा एक पटक रु ३००) कार्यक्रम को हकमा माथि उल्लेख भए अनुसार हुने छ ।

**अनुसूचि १**

**सुनवल नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**सुनवल ,नवलपरासी (ब.सु.प.)**

**<u>मागमा आधारित कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना</u>**

**(प्रथम पटक सुचना प्रकाशन मिति ...............)**

यस पशु सेवा शाखाको आ.व.२०......./.......... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ...........................................................................कार्यक्रमहरु संचालन गर्नको लागि **सुनवल नगरपालिकामा** रहेका व्यवसायिक कृषक/समुह/समिति/सहकारी/ पशुपालन फार्महरु बाट प्रस्ताव आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । इच्छुक उल्लेखित कृषक/समुह/समिति/सहकारी/पशुपालन फार्महरु ले यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ले १५ औं दिन (मिति २०..../.../....) कार्यालय समय भित्र तपशिलका उल्लेखित कार्यक्रम लागि तोकिएको ढाँचा अनुसारको आवेदन फाराम सुनवल नगरकार्यापालिका, **पशु सेवा शाखामा** पेश गर्न हुन जानकारी गराईन्छ । विस्तृत

जानकारीका लागि पशु सेवा शाखा सुनवलनगरपालिकामा सम्पर्क राख्न हुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिलः**

## १. वर्गिकरण

| क्र. स. | लगानीको क्षेत्र | कार्यालय बाट हुने लगात साझेदारिको अंस | कृषकबाट हुने लागत साझेदारीको न्युनतम अंश | कार्यक्रम संख्या | योग्य आवेदक |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(८) छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरी कार्यालयले अनुसुची (७) बमोजिम सम्झौता गर्नेछ ।

## २. प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :

१. पशुपंक्षी/मत्स्य कृषक समुह/कृषक समिति/कृषि सहकारी संस्था/निजी फार्म तथा उद्यमीहरुले सुचना प्रकाशन मिति भन्दा अगाडि सुनवल नगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति ।

२. पशुपंक्षी/मत्स्य सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाणपत्र, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी- १ प्रति ।

३. कार्यालय बाट तोकिएको ढाँचाको निवेदन १ प्रति

४. व्यबसायिक कार्ययोजना (प्रस्तावको ढाँचा) १ प्रति

५. कृषक समुह/कृषक समिति/कृषि सहकारी संस्थाको हकमा अनुदान माग गर्न गरिएको बैठकको निर्णयको प्रतिलिपी, प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति ।

६. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी सो नभएमा सार्वजनिक घोल, ताल वा निजी जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा ५ वर्षको लागी करार गरिएको सम्झौता पत्रको प्रतिलिपी १ प्रति ।

७. कार्यक्रममा साझेदारि गर्ने प्रतिवद्दता पत्र ।

८. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट ।

९. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

# अनुसुचि २
## मागमा आधारित अनुदान कार्यक्रमको लागि मापदण्ड

| सि. न. | लगानिका उपक्षेत्रहरु | उद्देश्य | मुल्य श्रृखलाहरु | न्युनतम पुर्वाधार | छनौट प्रक्रिया | कार्यक्रम कार्यान्वयन प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १. | च्यापकटर मेसीन (मोटरवाला) ७५ प्रतिसत अनुदान | ब्यावशायिक फर्महरुलाई आहाराको समुचित उपयोग गर्न एवं घाँसको उपयोगितामा बृदि तथा श्रमशक्ति तथा समयको वचत गर्न । | व्यावसायिक पशुपालन गरेका कृषक/कृषक समूह /समिति / सहकारी | • ब्यवसायिक पशु पालन फर्म संचालन गरी नगरपालिका को पशु सेवा शाखामा दर्ता तथा नविकरण रहेका फर्महरु ।<br>• न्युनतम १० कठ्ठा जमिनमा घाँस खेति गरेका । | • समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नु पर्नेछ ।<br>• स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ<br>• स्थलगत प्रमाणीकरणको प्राप्ताङ्कको योगफलका आधारमा प्रस्ताव छनौट गरिनेछ । | • छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>• कृषक साँग सम्झौता गर्ने ।<br>• कृषकले च्याफ कटर खरिद गरे पछि अनुमन गरि आवश्यक कागजात सहित भुक्तीनिको लागि सिफारिस |
| २. | बंगुर फर्म सुदृढीकरण (प्याकेजमा ) | बंगुर पालन व्यवसायलाई ,व्यवसायिकरण, आधुनिकिकरण र विविधिकरण गर्ने । | ब्यावसायिक फर्म निर्माण गरि वंगुर पालन ब्यवसाय गरिरहेका बंगुरपालक कृषकहरु | व्यवसायिक बंगुर पालन फर्म संचालन गरी नगरपालिका को पशु सेवा शाखामा दर्ता तथा नविकरण रहेको ।<br>पाठा,पाठी उत्पादनको लागि कम्तिमा ५ माउ तथा मासु उतपादनको लागि १५ वटा वंगुरपालन गरेको कृषकहरु । | | • छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>• कृषक साँय सम्झौता<br>• सम्भौता अनुसारको कार्य सम्पन्न भै सकेपछि स्थलगत निरिक्षण गरि आवश्यक कागजात सहित भुक्तीनिको लागि सिफारिस । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | कृत्रिम गर्भाधानमा अनुदान(वार्षिक एक पशुमा एक पटक ३००) | स्थानिय नश्लका अनुत्पादक गाई,भैसीहरुमा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरी नश्ल सुधार गर्ने एवं दुधको उत्पादनमा बृद्दि गर्ने । | पशु पालक कृषक एवं व्यावसायिक पशु पालन गर्ने कृषकहरु । | • रित पूर्वक तोकिएको ढाँचामा निवेदन ।<br>• गाई भैसींमा कृत्रिम गर्भाधान गराएको कृत्रिम गर्भाधान कार्ड हुनु पर्ने ।<br>• बिमा को पालिसी (अनिवार्य गराएको हुनु पर्ने) | • सम्वन्धित वडा को वडा कार्यलयमा निवेदन पेश गर्ने ।<br>• वडा कार्यलयले निवेदन संकलन गरेर महिनको अन्त्यमा पशु सेवा शाखामा सिफारिस गरेर पठाउने । | • पशु सेवा शाखा बाट स्थलगत अबलोकन पश्चात सम्वन्धित वडा कार्यलय मार्फत भुक्तानि । |
| ४. | बिपन्न वर्ग लक्षित स्थानिय कुखुरा,बाखा, बंगुर प्रर्वधन कार्यकम | • स्थानिय जातका कुखुरा, बाखा, बंगुरको संरक्षण गर्ने ।<br>• बिपन्न वर्गका कृषकहरुको आयआर्जनमा बृद्धि गर्ने् । | स्थानिय जातका कुखुरा, बाखा, बंगुर पालन गरेका विपन्न वर्गका कृषकहरु । | स्थानिय जातका कुखुरा,बाखा,बंगुर पालन गरेको विपन्न वर्गका कृषकहरु /कृषक समुह/समिति | • मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नं पर्नेछ ।<br>• स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ<br>• स्थलगत प्रमाणीकरणको प्राप्ताङ्कको योगफलका आधारमा प्रस्ताव छनौट गरिनेछ । | • छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>• कृषक साँय सम्झौता<br>• सम्भौता अनुसारको कार्य सम्पन्न भै सकेपछि स्थलगत निरिक्षण गरि आवश्यक कागजात सहित भुक्तीनिको लागि सिफारिस । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | घाँस खेतिको लागि पम्पसेट वितरण | • उन्नत जातका घाँसहरुको खेति गरि पशु जन्य उत्पादनको लागत घटाउने ।<br>• घाँसको विउ उत्पादन गर्ने । | • घाँस खेति गर्नै वा घाँस खेती गरी व्यवसायिक रुपमा पशुपालन गरेका कृषक/ समुह/ समिति/ सहकारीहरु | • व्यवसायिक पशु पालन फर्म संचालन गरी नगरपालिकाको पशुपंक्षी विकास शाखामा दर्ता तथा नविकरण रहेको फार्महरु ।<br>• १ विगा भन्दा बढि जग्गामा घाँस खेतिगरेको ब्यावसायिक पशुपालक कृषक | • मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नं पर्नेछ ।<br>• स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ ।<br>• स्थलगत प्रमाणीकरणको प्राप्ताङ्कको योगफलका आधारमा प्रस्ताव छनौट गरिने । | • छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>• कृषक साँग सम्झौता<br>• कृषकले पम्पसेट खरिद गरे पछि अनुमन गरि आवश्यक कागजात सहित भुक्तीनिको लागि सिफारिस । |
| ६. | मिल्कीङ मेसिन वितरण | • दुध दुहुने कार्यलाई सहज बनाई स्वस्थ दुध उत्पादन गर्ने ।<br>• समय र जनशक्तिमा हुने खर्च न्युनिकरण गर्ने । | • ब्याबसायिक रुपम पशु पालन गरेका ब्यावसायिक कृषकहरु । | • व्यवसायिक पशु पालन फर्म संचालन गरी नगरपालिकाको पशुपंक्षी विकास शाखामा दर्ता तथा नविकरण रहेको फार्महरु ।<br>• १५गोटा भन्दा बढि दुहुना गाई,भैसीं पालन गरेको वा दैनिक १०० लि. भन्दा माथि दुध उत्पादन गर्ने ब्यावसायिक पशुपालक कृषक । | • मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नं पर्नेछ ।<br>• स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ ।<br>• स्थलगत प्रमाणीकरणको प्राप्ताङ्कको योगफलका आधारमा प्रस्ताव छनौट गरिनेछ । | • छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>• कृषक साय सम्झौता<br>• कृषकले मिल्कीङ मेसिन खरिद गरे पछि अनुमन गरि आवश्यक कागजात सहित भुक्तीनिको लागि सिफारिस । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | हिउँदे/बर्षे/ बहु बर्षे घाँसको बिउँ, बेर्ना, सेट्स, स्लीप बितरण | ● सिजन अनुसारका उन्नत जातका घाँसहरुको खेति गरि पशु जन्य उत्पादनको लागत घटाउने ।<br>● घाँसको विउ उत्पादन गर्ने । | ● ब्याबसायिक रुपम पशु पालन गरेका ब्यावसायिक कृषकहरु । | ● व्यवसायिक पशु पालन फर्म संचालन गरी नगरपालिका को पशुपंक्षी विकास शाखामा दर्ता तथा नविकरण रहेको फार्महरु ।<br>● घाँस खेतिगरेको ब्यावसायिक पशुपालक कृषक । | पशु सेवा शाखामा पशु पालन फर्म दर्ता नविकरण गरेको । | बजेटमा बेवस्था भए बमोजिम सिजन अनुसार खरिद गरि पशु सेवा शाखा बाट वितरण गर्ने । |
| ८. | सतप्रतिसत उन्नत बोयर बोका वितरण | ● बाखाको नश्ल सुधारगरि उत्पादन र उत्पादकत्व बढाउने । | ● ब्याबसायिक बाखा पालक कृषक एवं बाखा पालक समुहहरु । | ● मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नं पर्नेछु<br>● स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ<br>● स्थलगत प्रमाणीकरणको प्राप्ताङ्कको योगफलका आधारमा | ● मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको मूल्याङ्कन अनुसूची (३) का आधारमा गर्नं पर्नेछ ।<br>● स्थलगत प्रमाणीकरण अनुसूची (३) बमोजिम गरिनेछ ।<br>स्थलगत प्रमाणीकरणको प्राप्ताङ्को योगफलका आधारमा प्रस्ताव छनौट गरिनेछ । | ● छनौट गरिएका प्रस्तावहरुलाई पशु विकास समन्वय समितिबाट प्रमाणीकरण गराउने ।<br>● कृषक साँग सम्झौता<br>● कृषकले बोका खरिद गरि वितरण गर्ने । |

## अनुसूची ३

## कार्यक्रम संचालनका लागि संस्थाको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | ब्यावसायिक कार्य योजना (२०) | आर्थिक पक्ष/ व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२०) | मुल्य श्रृखलामा सहभागिको अनुभव/ तालिम (१०) | न्युनतम पूर्वाधार/ मौतिक संरचना (१०) | सामाजिक पक्ष/ वातावरणीय पक्ष (१०) | कार्यक्रमको दिगोपना (१०) | गाई/भैसी, बंगुर, कुखुरापालनको हकमा पालन गरीरहेको पशुपन्छी संख्या (१०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (१०) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोटः मुल्याङ्कनका आधार फर्म र आवस्यक्ता अनुसार पशु विकास समन्वय समितिकोले हेरफेर गर्न सक्नेछ ।

पशु विकास समन्वय समितिका पदाधिकारीहरुको :

| नाम थर : | पद : | दस्तखत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

## अनुसूची - ४

## ब्यबसायिक कार्ययोजना (प्रस्तावको ढाँचा)

| | | | |
|---|---|---|---|
| प्राविधिक र आर्थिक प्रस्ताव(पत्र) | | | |
| क) प्राविधिक प्रस्ताव | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | |
| ३ | आवेदकको नाम | | |
| ४ | ठेगाना | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं | | |
| ६ | आवेदक समुह/समिति/फर्म/उद्योग/ व्यवसायको दर्ता नम्बर | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | |
| ८ | आवेदक समुह/समिति/फर्म/उद्योग/ व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी बर्षमा) | | |
| ९ | पान दर्ता नम्बर | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | | |
| १२ | माग रकम रु (अनुदान लागत) | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | |
| १३.१ | | | |
| १३.२ | | | |
| १३.३ | | | |
| १३.४ | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | सदरमुकाम देखिको दुरी (कि.मी.) | |

| | | |
|---|---|---|
| १४.४ | खानेपानीको सुविधा (छ/छैन) | जग्गाको स्वामित्व (आफ्नै/लिज) |
| १४.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्ने | |

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

| | | |
|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | |
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण | |
| १७.१ | | |
| १७.२ | | |
| १७.३ | | |
| १७.४ | | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना | |

| क.स. | कृयाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| १९.१ | |
| १९.२ | |
| १९.३ | |

<table>
<tr><td>२०</td><td>प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने
<table>
<tr><th>क.स.</th><th>सहकार्य गर्ने अन्य निकायहरुको नाम</th><th>सहकार्य रकम रु</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>२१</td><td>प्रस्तावकले बिगत बर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र)</td></tr>
<tr><td>२१.१</td><td></td></tr>
<tr><td>२१.२</td><td></td></tr>
<tr><td>२१.३</td><td></td></tr>
<tr><td>२२</td><td>उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी (रु)</td></tr>
<tr><td>२३</td><td>प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने)</td></tr>
<tr><td>२३.१</td><td></td></tr>
<tr><td>२३.२</td><td></td></tr>
<tr><td>२४</td><td>आवेदकसंग विद्यमान जनशक्ति विवरण
<table>
<tr><th>क.स.</th><th>जनशक्तिको विवरण</th><th>दक्षता (शैक्षिक योग्यता/तालिम)</th><th>संख्या</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>२५</td><td>प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर</td></tr>
<tr><td>२५.१</td><td></td></tr>
<tr><td>२५.२</td><td></td></tr>
<tr><td>२६</td><td>वातावरणिय असर न्यूनिकरणका लागी अपनाईने उपाय</td></tr>
<tr><td>२६.१</td><td></td></tr>
<tr><td>२६.२</td><td></td></tr>
<tr><td>२६.३</td><td></td></tr>
<tr><td>२७</td><td>प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या)</td></tr>
</table>

ख) आर्थिक प्रस्ताव

प्राविधिक प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क. सं | मुख्य कृयाकलाप हरु | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान (रु) | अनुदानबाट व्यहोरिने रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| **जम्मा (रु)** | | | | | | | | |
| भ्याट (रु) | | | | | | | | |
| कूल जम्मा (रु) | | | | | | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं ।

प्रस्तावक समुह/समिति/फर्म/उद्योग/ व्यवसायको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नाम : | |
| पद : | |
| हस्ताक्षर : | |
| मिति : | |
| समुह/समिति/फर्म/ उद्योग/ व्यवसायको छाप : | |

नोटः आवश्यकता अनुसार लाईनहरु थप घट गर्न तथा ठूलो सानो पार्न सकिनेछ ।

## अनुसुचि ५
## मागमा आधारित अनुदान कार्यक्रमका लागि निवेदनको ढाँचा

मिति :

श्री सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुनवल, नवलपरासी

**विषय** : मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रमकमा सहभागी हुन प्रस्ताव पेश गरेको वारे ।

प्रस्तुत विषयमा तहाँ नगरपालिका बाट मिति ................. मा प्रकाशित सुचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन योग्यता पुगेकोले ..........................वर्गिकरणको .......................................मुल्य श्रृखला अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहि मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरि पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरु :**

१. पशुपंक्षी/मत्स्य कृषक समुह/कृषक समिति/कृषि सहकारी संस्था/निजी फार्म तथा उद्यमीहरुले सुचना प्रकाशन मिति भन्दा अगाडि सुनवल नगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति ।

२. पशुपंक्षी/मत्स्य सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाणपत्र, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी- १ प्रति ।

३. कार्यालय बाट तोकिएको ढाँचाको निवेदन १ प्रति

४. ब्यबसायिक कार्ययोजना (प्रस्तावको ढाँचा) १ प्रति

५. कृषक समुह/कृषक समिति/कृषि सहकारी संस्थाको हकमा अनुदान माग गर्न गरिएको बैठकको निर्णयको प्रतिलिपी, प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी १ प्रति ।

६. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी सो नभएमा सार्वजनिक घोल, ताल वा निजी जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा

कम्तिमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपी १ प्रति ।

७. कार्यक्रममा साझेदारि गर्ने प्रतिवद्दता पत्र ।

८. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट ।

९. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

नाम : ........................................

दस्तखत : ..................................

ठेगाना : ....................................

पद : .........................................

संस्थाको नाम : ............................

सम्पर्क नं. ...................................

संस्थाको छाप :

## अनुसुचि ६
## मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूना

सुनवल नगरपालिकाको आ. व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित अनुदान कार्यक्रम संचालन गर्न सुनवल नगरपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ........................................................ (यस पछि दोश्रो पक्ष भनिने) विच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो ।सम्झौता गरिदियौं/लियौ ।

### तपशिलः

१. प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत....................................... कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु. ...................... मध्ये दोश्रो पक्षलाई रु. ................ ( अक्षेरुपी ...........................................................) बरावरको आर्थिक/जिन्सि अनुदान प्रदान गर्नेछु । बाँकी रकम दोस्रो पक्ष आफैले लगानि गर्ने छ ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम संचालन गर्नु पर्नेछु । सोको निरीक्षण, अनुगमनका लागि प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसारका पशुपंक्षी तथा मत्स्य सामाग्रिहरु नगरपनलिकाले खरिद गरी वितरण गर्न सक्ने छ । यदि सो नभएमा कृषक आफैले खरिद गरी नियमानुसारको बिल, सिफारिस गरेको सम्बन्धित वडा कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४. प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारीसमा भएको प्रगतीका आधारमा अनुदान रकम दोश्रो पक्षको बैंक खातामा वा चेक वा नगद एकमुष्ट भुत्तानी दिईनेछु यो रकम कार्यक्रम सम्पन्न भएपछि मात्र भुक्तानी हुनेछ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रिहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ । निर्माण कार्यको हकमा यसै सम्झौतामा समावेश भएको डिजाईन तथा इष्टिमेट बमोजिम गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकिएको निकायमा उपलब्ध गराउनु पर्नेछ ।

७. उल्लेखित सम्पुर्ण कार्यक्रम मिति २०७६.......... भित्रै सम्पन्न गरिसक्नु पर्नेछु। कुनै समस्या देखिएमा सम्बन्धित शाखा प्रमुखले सम्बन्धित वडा अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाई समयमै जानकारी गराउनु पर्दछ ।

८. कार्यक्रम संचालित स्थानमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगि निकायको नाम उल्लेखित बोर्ड अनिवार्य राख्नु पर्नेछ ।

९. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रथम पक्ष**

दस्तखत :

नाम :

पद :

कार्यालय :

छाप :

**रोहवर**

नाम :

पद :

दस्तखत :

**दोश्रो पक्षः**

दस्तखत :

नाम :

ठेगाना :

पद :

संस्थाको छाप :

सम्पर्क नं. :

## अनुसुची ७

परिच्छेद १ को दफा (ट) सँग  सम्वन्धित

पशु विकास सम्न्वय समिति गठन प्रक्रिया ( ७ जना )

१. नगर प्रमुख
संयोजक

२. नगर उप-प्रमुख
सदस्य

३. संयोजक, आर्थिक विकास समिति
सदस्य

४. शाखा प्रमुख कृषि विकास शाखा
सदस्य

५. नगरसभा सदस्य मध्य बाट नगरकार्यपालिकाले तोकेको (२जना मध्ये कम्तिमा महीला १ जना ) सदस्य

६. शाखा प्रमुख, पशु सेवा शाखा सदस्य सचिव

ईती सम्वत् २०७६ साल ..............महिना ............गते रोज ..............शुभम् ।

**प्रमाणिकरण मिति: २०७६/१०/२७**

**आज्ञाले**

........................

**प्रमुख प्रशासकीय अधिकृत**